कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३३४ | वि.सं. २०८१ | चैत | १४ | बिहिवार | नेपाल संवत: ११४४, | चैत कृष्ण त्रयोदशी | Thursday | 27 | March | 2025 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## दुना टपरी व्यवसाय फस्टाउँदो

**◣सिर्जना बुढाथोकी**
**सुर्खेत, १३ चैत ।**

वीरेन्द्रनगर, चिसापानी घर भएकी ६१ बर्षिय सेतु वि.क प्रत्येक दिन बिहान पात टिप्न जानु उनको दैनिकि हो । जंगल उन्को घरदेखि २ किलो मिटर मात्रै टाढा छ । माघ २४ गते सेतु संधै झैं पिठ्यूमा डोको र हातमा हसिया बोकर बिहान ७ बजे पात टिप्न साथीहरुसंग जंगल पुग्छिन् । जंगलभित्र सालको रुखहरु प्रशस्त भएकोले पात टिप्न दुख छैन । ''**नजिक नजिक सालको रुखहरु भएकोले पात टिप्न सजिलो हुन्छ**''– वि.कले भनिन् । बिहान दुई घण्टा भित्र सेतुले ५ देखी ७ सयसम्म सालको पात टिप्ने बताउँछिन् । टिपेसकेका पातहरुलाई चाङ मिलाएर प्लाष्टिकको बोराभित्र खांदछिन र ९ बजे सेतु साथीहरु संगै घर फर्किन्छिन । सेतुले घरायसी काम सकेर दैनिक व्यवसायतिर लाग्छिन् ।

▶▶ बाँकी २ पेजमा



### ग्रीन ग्रोथमा महिलाको भूमिका

रामजानकी दुना टपरी उद्योग सञ्चालन गरिरहेका ती महिलाहरुले पात टिपेको क्षतिपुर्तिका रुपमा सामुहिक वृक्षारोपण गर्छन् । सामुदायिक बनका अध्यक्ष जगतबहादुर भण्डारीले चिसापानीको सामुदायीक वनमा महिलाहरुले अनावश्यक झारीहरु फाँडेर सरसफाईको काम गरिरहेका बताउछन् । छाडा पशुचौपाया पनि नियन्त्रणमा छन् । काठ तस्करी रोकिएको छ । उनका अनुसार महिलाहरु पात संकलनका लागि जंगल

▶▶ बाँकी २ पेजमा

### वनको संरक्षण

रामजानकी सामुदायिक वनका सचिव रामबहादुर गुरुङ्गका अनुसार जंगलबाट पात ल्याउने देखि मेसिन चलाउनेसम्म काम महिलाहरुले नै गर्छन् । महिलाहरुको दुनाटपरी निर्माण गर्ने कार्यसमिति बनेको छ । कार्यसमितिमा रामबहादुर मात्र एक्लो पुरुष हुन् । उनी भन्छन्, "म मात्रै कार्यसमितिमा पुरुष छु । रामजानकी दुनाटपरी उद्योगले सामुदायका महिलाहरु व्यवसायीक बन्दै गएपछि उद्योगको लागि भवन निर्माण गरेको पनि बताउछन् ।

रामबहादुरका अनुसार टपरीको उत्पादनलाई दोब्बर गर्ने स्थानीय सिमान्तकृत महिलाहरुको

▶▶ बाँकी ३ पेजमा

### स्थानीय अर्थतन्त्र

स्थानीय होटल व्यवसायले प्लाष्टिको प्रयोग घटाउदै गएको वीरेन्द्रनगर नगरपालिकाका वातावरण तथा विपद उपशाखा प्रमुख यामलाल गिरीले बताउछन् । मध्यपश्चिम बिश्वबिद्यालयको वातावरण तथा जलबायु संकायका डिन सुदीप ठकुरी भन्छन्, "प्राकृतिक रुपमा पाइने पातको प्रयोगले प्लाष्टिकजन्य वस्तु प्रयोगमा कमि ल्याईरहेको छ ।

दुना टपरीले प्रयोगले जलवायुमा पनि असर पर्दैन । र व्यवस्थापन गर्न पनि सहज हुन्छ । रुखबाट झरेर पात आखिर जंगलमै कुहिएर जाने हो तर यसलाई टिपेर यसरी दुनाटपरी बनाउदा आयआर्जन सँगै वातावरणीय रुपमा पनि राम्रो हुन्छ । दुनाटपरी प्रयोग पछि व्यवस्थापन गर्दा मल बन्छ । यसरी मल बनाउने र हरित गृह

▶▶ बाँकी ३ पेजमा

### वनमा महिला नेतृत्व

वन उपभोक्ता महासङ्घ कर्णाली प्रदेशका अध्यक्ष भवानीप्रसाद अधिकारले कर्णाली प्रदेशमा सामुदायिक वन मार्फत दुना टपरीको व्यसाय बिस्तार भईराखेको छ । वन नियमावली अन्तर्गतको सामुदायिक वन मार्गदर्शन २०६५ मा वन व्यवस्थापन, स्रोत र कोष परिचालनमा महिलाको सहभागीता बढाउने नीतिले पनि सामुदायीक वनको नेतृत्व लिन अवसर महिलाले पाएका हुन् ।

वन उपभोक्ता महासङ्घ सुर्खेतका अध्यक्ष चन्द्र प्रसाद थानीका अनुसार पनि 'महिलाले चलाएका वनका गतिविधि विवाद रहित र आर्थिक रूपमा पारदर्शी छन् । कर्णाली प्रदेश वन निर्देशनालयका सूचना अधिकारी सुर्य शर्माका अनुसार सामुदायिक वनको

▶▶ बाँकी २ पेजमा

### फोहोरमैला व्यवस्थापन

सुर्खेतको वीरेन्द्रनगरमा दैनिक कुईने र नकुईने गरि कुल १२ टन फोहोर उत्पादन हुन्छ । वीरेन्द्रनगर फोहोर व्यवस्थापन क्षेत्रमा अध्ययन गरिरहेका कृष्णप्रसाद ढकालका अनुसार प्लाष्टिक प्रशोधन गर्ने, कागज प्रशोधन गर्ने र कुहिने फोहोरको उधोग संचालन गर्ने सकिन्छ । केपी व्यवसायिक केन्द्रमार्फत २०७६ सालदेखि नगरउन्मुख फोहोरबाट प्राङ्गारिक मल तथा ग्याँस उत्पादन उद्योग सुरु भईरहेको छ । उद्योगले फोहोरको प्रयोगबाट प्रांगारिक मल तथा ग्यास उत्पादन गर्दै आएको ढकाल छ । ढकाल भन्छन्, "मल बजारमा बिक्रि गर्ने गरेका छौं भने ग्यासबाट खाना पकाउने र गाडी चलाईरहेका छौं ।" उन्का अनुसार

▶▶ बाँकी ४ पेजमा

## अध्ययनबिनै परीक्षा दिँदै सुधार गृहका विद्यार्थी

**◣सरला सुवेदी**
**बाँके, १३ चैत ।**

देशभर अहिले माध्यमिक शिक्षा परीक्षा (एसईई) संचालन भइरहेको छ । कैयौं विद्यार्थी जानअन्जान गल्तीका बीच परीक्षामा सामेल भइरहेका छन् । तर केही विद्यार्थीहरू यस्ता पनि छन्, जो बाल सुधार गृह तथा कारागारमा रहेर परीक्षा दिइरहेका छन् । बाँकेका दुई बाल सुधार गृहमा रहेका ४३ जना बालबिज्ञ यी विद्यार्थीहरूले यस वर्ष एसईई परीक्षा दिएका छन् ।

तर, विद्यालय दर्ता नहुँदा र आवश्यक शिक्षक दरबन्दीको अभावमा सुधार गृहका विद्यार्थीहरू हचुवाको भरमा परीक्षा दिन बाध्य भएका छन् । २०७५ साल भदौ ३ गते स्थापना भएको जयन्दु बाल सुधार गृहमा मात्र २८ जना विद्यार्थी एसईईमा सहभागी छन् । सुधार गृहमा ५ देखि १२ कक्षासम्मका १६० जना बालबालिकाहरू अध्ययनरत छन् ।

सुधार गृहमा चार कोठे विद्यालय भवन र डेक्सबेन्च भए पनि कानुनी मान्यता नपाउँदा विधिवत रूपमा पठनपाठन गर्न सकिएको छैन । जयन्दु बाल सुधार गृहकी प्रमुख विमला काउचा मगरका अनुसार अध्ययनको वातावरण भए पनि शिक्षक अभावकै कारण विद्यार्थीहरूले गुणस्तरीय शिक्षा पाउन सकिरहेका छैनन् ।

सुधार गृहमा कार्यरत शिक्षक विजयप्रसाद मुरौका अनुसार विद्यालय दर्ता नहुँदा विद्यार्थीलाई अध्ययनमा समस्या हुनुका

▶▶ बाँकी २ पेजमा



## VACANCY ANNOUNCEMENT

Valley Meridian Academy (VMA), a leading educational institution in the valley, is an eminent as well as a high performing school that primarily focuses on progressive education in recent years for all-rounded development of the students incorporating experimental and activity based teaching-learning approach with immediate effect. As we are expanding our team, we invite applications from well-qualified, experienced, dedicated and self-motivated candidates in the following posts listed below:

**1. Post** : Basic Level Mathematics Teacher
**Required No.** : 1 (one)
**Qualification** : +2 or Bachelor's Degree in related subject with at least 2 years of Working Experience.
**Eligibility** : Must possess strong command over written and spoken English
: Must be Computer literate
**Salary** : Minimum Rs.25,000 per month

**2. Post** : Grade Teacher for Class One
**Required No.** : 1 (one)
**Qualification** : +2 or Bachelor's Degree in any Faculty with at least 2 years of Working Experience
**Eligibility** : Must be Montessori trained
: Must possess strong command over written and spoken English
**Salary** : Minimum Rs.22,000 per month

Interested candidates having a sense of integrity and a positive attitude are highly encouraged to send their resume along with the cover letter at valleymeridian2063@gmail.com or drop in to the school office in person to apply by 26th Chaitra, 2081. Only shortlisted candidates will be called for the further recruitment procedure.

**Valley Meridian Academy (VMA)**
**Birendranagar-09, Latikoili, Surkhet**
**Contact No. : 083-520587, 9858052921**


## कुलमान घिसिङ गए सर्वोच्च

**◣युग संवाददाता**
**काठमाडौं, १३ चैत ।**

सरकारले नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट हटाएपछि कुलमान घिसिङ सर्वोच्च अदालत पुगेका छन् । बुधबार अपराह्न घिसिङको तर्फबाट लोकमणि पोखरेलले रिट लिएर सर्वोच्च पुगेका हुन् । सर्वोच्चका प्रवक्ता अच्युत कुईंकेलका अनुसार रिट दर्ता हुन बाँकी छ ।

## कर्णाली नदीमा बेवारिसे शव फेला

**◣युग संवाददाता**
**सुर्खेत, १३ चैत ।**

कालीकोटको नरहरिनाथ गाउँपालिका वडा नं. १ लालिघाट नजिक कर्णाली नदीमा बेबारिसे शव फेला परेको छ । बजार नजिकै बुधबार बिहान ८:५५ बजेको समयमा कर्णाली नदीको किनारामा बेवारिसे अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कालीकोटका सूचना अधिकारी प्रहरी निरीक्षक रामप्रसाद पाण्डेले प्रहरी चौकी लालुखुलालुमा खबर प्राप्त हुना साथ प्रहरी हवल्दार डम्मर सिंह नेपालीको कमाण्डमा दुई जनाको टोली घटनास्थल पुगेर घटनास्थल सुरक्षित राखेको बताए । उक्त स्थान प्रहरी चौकी लालुखुलालुदेखि करिब तीन किलोमिटर उत्तरतिर छ । बजारका कुनै व्यक्ति सम्पर्कमा रहे नरहेको बारेमा अनुसन्धान भइरहेको छ ।




सिमली जंगलको रहस्यमय जमघटः

# कानुन उल्लंघन र समाजलाई द्वन्द्वतर्फ धकेल्ने प्रयास



प्रकाश मिश्र/पत्रकार

नेपाल कानुनी शासनमा आधारित मुलुक हो । यहाँ कानुनभन्दा माथि कोही छैन - न स्वदेशी न विदेशी । तर, पछिल्लो समय कैलालीको सिमली जंगलमा 'रेन्बो ग्यादरिङ्ग'को नाममा भैरहेको विदेशी जमघटले नेपालका कानुन र सामाजिक संरचनालाई चुनौती दिने काम गरेको छ ।

जिल्ला प्रशासन कार्यालय, कैलालीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) गोगन बहादुर हमालले ती विदेशी नागरिकलाई जंगल छोड्न २४ घण्टे अल्टिमेटम दिएका छन् । यो निर्णय पूर्ण रूपमा कानुनी र तार्किक हो । किनभने नेपालको कानुनअनुसार कुनै पनि विदेशी नागरिकले सरकारको अनुमति विना जंगल क्षेत्रमा अनधिकृत रूपमा बस्न पाउँदैनन् । तर, यस विषयमा केही व्यक्तिहरूले अनावश्यक रूपमा समाजलाई भड्काउने प्रयास गरिरहेका छन् ।

**कानुनभन्दा माथि कोही छैन**

नेपालको संविधान, पर्यटन नीति, र विदेशी नागरिकसम्बन्धी कानुनले विदेशी पर्यटकका गतिविधिलाई स्पष्ट रूपमा परिभाषित गरेको छ । नेपालको राष्ट्रिय निकुञ्ज तथा वन संरक्षण ऐनले वन क्षेत्रभित्र अनधिकृत गतिविधि गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ ।

यदि 'रेन्बो ग्यादरिङ्ग'का नाममा विदेशी नागरिकले गाँजा, भाङ, वा अन्य कुनै प्रतिबन्धित लागुपदार्थ सेवन गरिरहेका छन् भने, त्यो कानुनी अपराध हो । यसलाई रोक्न प्रशासनको दायित्व छ । उनिहरुले प्रतिबन्धित गतिविधि गरिरहेका छन कि छैनन भन्ने कुराको अनुसन्धान गर्ने पाटो सम्बन्धित निकायको हो ।

तर, घोडाघोडी बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख लक्ष्मिप्रसाद भट्टराईले दिएको अभिव्यक्ति कानुनी राज्यको अवधारणाविपरीत छ । "विदेशी पर्यटक हाम्रा पाहुना हुन्, उनीहरूले जे गरे पनि हामीलाई मतलब छैन" भन्ने धारणा नेपाल राज्यको कानुनी संरचनालाई नै चुनौती दिने प्रयास हो । नेपालमा पाहुनाले सत्कार पाउँछन्, तर नेपालको कानुनको उल्लंघन गर्ने छुट कसैलाई छैन ।

**पत्रकारमाथि आक्रमणः स्वतन्त्र प्रेसमाथि हमला**

यस घटनाबारे समाचार लेख्ने क्रममा मलाइ आक्रमण भएको छ । ओजुवा क्याफेका सञ्चालक डबल शाह र सिर्जना होटलका संचालक चेत बहादुर सिंहले समाचार लेखेकै आधारमा स्वतन्त्र पत्रकारितामाथि हमला गरे, जसका कारण उनीहरु मध्य ओजुवा क्याफेका संचालक डबल शाह अहिले कानुनी नियन्त्रणमा छन् भने सिर्जना होटलका संचालक चेत बहादुर सिंह फरार छन् ।

तर, समाजलाई द्वन्द्वमा धकेल्ने नियतले क्याम्पस प्रमुख भट्टराई लगायतका व्यक्तिहरूले पत्रकारिता माथि आक्रमण गर्ने आक्रमणकारीको पक्षमा खुलेर समाजलाई उत्तेजित पार्ने अभिव्यक्ति दिइरहेका छन् । उनीहरूले सामाजिक सञ्जालमार्फत युवाहरूलाई गलत रूपमा प्रभावित पार्ने प्रयास गरिरहेका छन् । यो कानुनविपरीत मात्र होइन, प्रेस स्वतन्त्रताको अपमान पनि हो ।

**समाजलाई द्वन्द्वमा धकेल्ने प्रयास**

समाजमा द्वन्द्व सिर्जना गर्ने नियतले केही व्यक्तिहरूले अनावश्यक विवाद खडा गर्न खोजिरहेका छन् । "डबल शाहले कहिले काठमाडौँको भृकुटीमण्डपमा, कहिले घोडाघोडीको ओजुवा क्याफेमा चिया खुवाउने गरेका युवाहरू किन विरोधमा उत्रिएनन्?" भन्ने जस्ता प्रश्न खडा गरेर सामाजिक सञ्जालमा मार्फत द्वन्द्व निम्त्याउने प्रयास गरिरहेका क्याम्पस प्रमुख भट्टराईको मुख्य आसय के हो ? किन उनि समाजमा द्वन्द्व निम्ताउने अभिव्यक्ति दिइरहेका छन ,यो गम्भिर प्रश्न हो

यो सरासर भ्रम फैलाउने प्रयास हो । चिया खुवाउने जस्तो सामान्य सामाजिक कार्यलाई गैरकानुनी गतिविधिसँग जोडेर समाजलाई उत्तेजित पार्न खोज्ने कार्य गर्नु धमिलो पानीमा माछा मार्ने काम गर्नु जस्तै हो । युवाहरु जोशिला हुन्छन उनिहरु भावनामा बग्छन भन्ने जानेर बुजेर मिडियासंगको युद्धका लागि तयार हुन आग्रह गर्ने अभिव्यक्ति स्वतन्त्र पत्रकारिता र सामाजिक सदभाव सहित बसेको समाजमा द्वन्द निम्त्याउने प्रयास हो । यसलाइ कानुनले रोक्नु पर्छ ।

**कानुनको पालना सबैका लागि अनिवार्य**

नेपालमा कानुन सबैका लागि बराबर छ । विदेशी नागरिकलाई नेपालको कानुन पालना गर्नैपर्छ । सिमली जंगलमा भएको 'रेन्बो ग्यादरिङ्ग' गैरकानुनी छ कि छैन त्यो नेपालको कानुनले परिभाषित गरेका निकायले हेर्ने हो सामाजिक सन्जालमा न्याधिस बन्नेहरुले होइन सामाजिक संबन्धित निकायले त्यस्ता ब्यक्तिहरुलाइ कानुनको पालना गराउन आवश्यक छ ।

अर्को कुरा रेन्बो ग्यादरिङ्गका नाममा गरिएको भेलका लागी कुनै सरकारी अनुमति लिइएको अहिलेसम्म पुष्टि भएको छैन । जिल्ला प्रशासन कार्यालय, कैलालीले नै विदेशी नागरिकलाई २४ घण्टाभित्र क्षेत्र छोड्न दिएको आदेश कार्यन्वयन गराउने नगराउने सम्बन्धित निकायको कुरा हो पत्रकारले झकझकाउने उसको धर्म हो कर्म हो । प्रसासनले दिएको अल्टिमेटम पूर्णतः कानुनी देखिसकेपछि पनि छ समाजलाई भ्रमित पार्न खोज्ने व्यक्तिहरू कानुनी कारबाहीको दायरामा आउनुपर्छ ।

नेपाल कानुनी शासनमा चल्ने देश हो । कानुनको उल्लंघन गर्नेहरू चाहे स्वदेशी हुन् वा विदेशी, उनीहरूलाई कानुनी कठघरामा उभ्याउनु पर्छ । समाजलाई द्वन्द्वतर्फ धकेल्ने, कानुनको खिल्ली उडाउने, र गैरकानुनी गतिविधिलाई समर्थन गर्ने कुनै पनि प्रवृत्तिलाई समाजले अस्वीकार गर्नुपर्छ ।

## 'लुम्बिनी क्षेत्र लगानीका लागि महत्वपूर्ण गन्तव्य'

**युग संवाददाता**
**लुम्बिनी, १३ चैत ।**

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लुम्बिनी क्षेत्र लगानीका लागि महत्त्वपूर्ण गन्तव्य भएको बताएका छन् । उनले सरकारले लगानी अनुकूल वातावरण बनाउँदै जाने उल्लेख गर्दै लुम्बिनीमा लगानी गर्न निजी क्षेत्रका उद्योगी-व्यवसायीहरूलाई आग्रह गरे ।

कान्तिपुर मिडिया ग्रुपले रुपन्देहीमा बुधबार आयोजना गरेको एक विमर्श कार्यक्रममा अर्थमन्त्री पौडेलले लुम्बिनी धेरै फराकिलो रहेको र निजी क्षेत्रका लागि महत्वपूर्ण ठाउँ रहेकाले सम्भावनालाई व्यवसायसँग जोड्न आग्रह गरे ।

उपप्रधानमन्त्री पौडेलले लुम्बिनीले नेपालको सिङ्गो अर्थतन्त्रलाई उचाइमा पुऱ्याउन सामर्थ्य राख्न सक्ने भएकाले सहरी पूर्वाधार, शिक्षा, स्वास्थ्य, औद्योगिक क्षेत्रको हिसाबले लुम्बिनीलाई अग्रणी स्थानमा पुऱ्याउने गरी भएका प्रयासमा सबैको साथ आवश्यक रहेको बताए ।

## अध्ययनबिनै....

साथै शिक्षकहरूलाई बिहानदेखि बेलुकासम्म शिक्षणमा समय दिनुपरेको छ । मुरौ भन्छन्, "शिक्षक दरबन्दी नहुँदा सीमित स्रोत साधनमा विद्यार्थीसँग समय बिताउनुपर्छ ।" बाल सुधार गृहमा अध्ययन गरिरहेका विद्यार्थीहरूले अध्ययनलाई निरन्तरता दिने प्रयास गरिरहे पनि समयसमयमा विद्यार्थीहरूबीच आपसी विवाद र द्वन्द्वका घटनाहरू हुने गरेका छन् । यसले उनीहरूको परीक्षाको तयारीमा थप समस्या निम्त्याएको छ ।

उच्च अदालत तुल्सीपुर नेपालगञ्ज इजलासले गत वर्ष नै जयन्दु बाल सुधार गृहलाई विद्यालय सञ्चालनको स्वीकृति दिन परमादेश जारी गरिसकेको छ । तर कानुनी प्रावधानको कारण देखाउँदै विद्यालय दर्ता गर्न सकिएको छैन । वडाध्यक्ष मोहन मिश्रले शिक्षा नियमावली परिवर्तन गरेर भए पनि विद्यालय सञ्चालनको अनुमति दिनुपर्नेमा जोड दिएका छन् ।

देशभरका बाल सुधार गृहहरूमध्ये भक्तपुर, विराटनगर, र पोखरामा विद्यालय दर्ता भइसकेको छ । तर बाँकेमा अझै पनि कानुनी जटिलता कायमै छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षा सम्बन्धी हकको प्रत्याभूत गरेको छ । तर विभिन्न अभियोग लागेका र सुधार गृहमा सुधारका क्रममा रहेका बालबालिकाहरू यो अधिकारबाट वञ्चित भइरहेका छन् ।

विद्यालय दर्ता र शिक्षक व्यवस्थापनको अभावले उनीहरूको शैक्षिक भविष्य अन्योलमा परेको छ । सुधार गृहमा रहेका विद्यार्थीहरूको शिक्षालाई निरन्तरता दिन सम्बन्धित निकायले आवश्यक पहल गर्नु आजको आवश्यकता हो ।

## वनमा....

उपभोक्ता समितिमा अनिवार्य ५० प्रतिशत महिला हुनै पर्ने प्रावधानले दुना टपरी उद्योग संचालन गरिरहेका महिलाहरुले नेतृत्व लिने अवसर पाएका हुन् ।

२०७३ सालदेखि शिवशक्ती सामुदायीक वनमा स्थानीय महिला मिना आर्चायले नेतृत्व लिएपछि वनमा धेरै परिवर्तन आएको स्थानीय वातावरण संरक्षणमा काम गरिरहेका अधिकारीहरु बताउछन् ।

शिव शक्ती सामुदायीक वनमा तारबार गरि चरिचरण रोकिएको छ । दुईवटा पोखरीमा पानी पुनर्भरण र ४ वटा रिचार्ज पोखरी र दुईवटा खाने पानीका धारा निर्माण भईसकेका आचार्य बताउछिन् ।

शिवशक्ति सामुदायिक वनले जंगल फडानी र आगलागी नियन्त्रण महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएको शर्मा बताउँछन् । मिनाको समुहले वन संरक्षणमा देखाएको सक्रियता देखाएपछि पुरुषहरुको पनि वन संरक्षणमा सक्रियता बढेको अध्यक्ष अधिकारी बताउँछन् । सामुदायिक वनबाट थप आयआर्जनको लागि अमृसो रोप्ने र त्यसको सामुहिक संरक्षण पनि गर्दे आएको आचार्य बताउछिन् । सामुदायीक वनमै रिचार्ज पोखरीहरु बनेपछि गरेपछि जंगली जनावरलाई पानी पिउन बस्तीसम्म पुग्ने जोखिम कम भएको वडा १० र ११ का स्थानीय बताउँछन् ।

## दुना...

शिवशक्ति सामुदायिक वनको कार्यालयमै बसेर सबै महिलाहरुले दुना टपरी बनाउछन् ।

सेतुले बिहान टिपेको पात बोराबाट निकालेर बरण्डामा फिजाउँछिन् र दुना टपरी लगाउन सुरु गर्छिन् । दुना टपरी मेसिनले पनि बन्ने भएकोले हातले जस्तो धेरै मेहनत गर्नु पर्दैन । 'दुना टपरी बनाउदै दिनको समय बितेको थाहा पाउन्न'- सेतुले उत्साहित हुदै भनिन् । प्रत्येक दिन सेतुले एक सय पचास सम्म दुना टपरी बनाउछिन् । सेतु र उन्का साथीहरुले मिलेर बुनेका टपरीको कुल गिन्ति अनुसार उद्योगले उनीहरुलाई पैसा भुक्तानी गर्छ ।

महिलाहरुले बुनेका प्रति टपरी १० र दुना ५ रुपैयाका दरले वीरेन्द्रनगर बजारमा विक्रि हुन्छन् । तर, उनीहरुलाई प्रति टपरी ५ रुपैया र दुनाको २ दशमलव ५ रुपैयाका दरले साहुले भुक्तानी गर्ने गर्छन् । सेतुले दुना टपरीबाट मासिक ८ देखि १५ हजार सम्म आम्दानी गर्छिन् । एक प्याकेटमा ५ सय पिस हुन्छ । महिनाभरी धेरैजस्तो महिलाले मासिक दुई सय प्याकेट दुना टपरी बनाउँछन् । सेतु जस्तो एकल महिलाको लागि दुनाटपरी व्यवसाय साहारा बनेको छ ।. १२ वर्ष अघि श्रीमा्न गुमाएकी सेतुले दुना टपरी व्यवसायबाट आत्मनिर्भर बनेकी छिन् । 'बिहान बेलुकाको छाक टार्ने छोराछोरीको मुख ताक्न पर्दैन ।''- सेतुले भनिन् ।

प्लाष्टिकको प्लेटको विकल्पको रुपमा सुर्खेतका होटल तथा व्यवसायहरुमा दुना टपरीको प्रयोग बढ्दो क्रममा छ । पुजा पाठ तथा धार्मिक संस्कारहरुमा दुना टपरीको आवश्यकता र बजारमा यसको माग बढ्दै गएपछि उधोगको रुपमा दुना टपरी व्यवसाय फस्टाउँदै आएको साना तथा घरेलु उद्योगका निर्देशक पदमलाल लामिछानेले बताउँछन् । दुना टपरी व्यवसायले महिलाहरुलाई स्वरोजगार संगै हरित वृत्तिको लागि पनि टेवा पुऱ्याएको छ ।

तर, स्थानीय सरकारले सुर्खेत जिल्लामा दुना टपरी व्यवसायिक विकास, दुना टपरीबाट बन्ने फोहोरको सदुपयोग र वन जंगल विकासको लागि महिलाहरुलाई विशेष योजना तथा आर्थिक सहायता भने नदिएको सामुदायिक वनका महिलाहरु बताउँछन् । यद्यपी, वीरेन्द्रनगर आसपासका शहरी क्षेत्रहरुमा हरियाली क्षेत्र विकासका लागि दुना टपरी व्यवसायले महत्वपुर्ण भुमिका खेलेको निर्देशनालयका प्रमुख शेरबहादुर श्रेष्ठले बताए ।

सन् २०१८ मा वन अनुसन्धान ताथ सर्वेक्षण विभागले गरेको एक सर्वेक्षण अनुसार सुर्खेतको वन क्षेत्र ८०२२६ हेक्टर क्षेत्रफलमा फैलिएको थियो तर अहिले जंगलको क्षेत्रफल बढेर ८०८३१ हेक्टर पुगेको छ । यसरी वनको क्षेत्रफल बढ्नुमा सामुदायिक वनको संख्या बढ्नु र वनजंगल संरक्षणमा महिलाहरुको सक्रियता अभिवृद्धि हुनु प्रमुख कारण भएको वन कार्यालय सुर्खेतका सुचना अधिकारी निरज श्रेष्ठले बताउँछन् । अहिले सुर्खेत जिल्लामा २७१ वटा सामुदायिक छन् । वीरेन्द्रनगर नगरपालिकामा मात्र १४ वटा सामुदायिक वनको नेतृत्व महिलाले गरेका छन् ।

दुना टपरी बनाउने सीप नयां होईन । तर यो सीपले सुर्खेत जिल्लामा २०७० सालदेखि व्यवसायीक रुप लिन थालेको हो । सुर्खेतमा पहिलो पटक २०७३ सालमा रामजानकी दुनाटपरी उद्योग दर्ता भई संचालनमा आएपछि यस व्यवसायले गति लिन थालेको हो । दुनाटपरी व्यवसायले आर्थिक आम्दानी बढाउन थालेपछि अन्य ९ वटा कम्पनीले दुनाटपरी उद्योगहरुलाई व्यवसायीक बनाउदै लगेको सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेल बताउछन् । सुर्खेत जिल्लाभरी दुना टपरी उद्योगमा १ सय ५० जना भन्दा बढी महिलाहरु सामेल छन् ।

सेतु जस्तै निम्न आय भएका अन्य एकल महिलाहरुको लागि दुना टपरी व्यवसाय आत्मनिर्भर बन्न गज्जबको उपाय बनेको छ । वीरेन्द्रनगर वडा न. ५ बस्ने ६० बर्षिय ज्ञानु अधिकारी पनि पैसा कमाउनलाई दुना टपरी बनाउन थालेकी छिन् । उनि एकल महिला पनि हुन् । विगत ५ बर्ष देखि सुर्खेतको चिसापानी स्थित राम जानकी उद्योगमा दुना टपरी बेच्दै आएकी छिन् । उनले भनिन्, "औषधी, खाना, लत्ताकपडा सबै यहि दुना टपरीबाटै जोहो गर्छु ।'' १५ देखी २० हजारसम्म कमाउने गरेकी छु । राम जानकी उद्योगमा अहिले १३ जना महिलाहरु कार्यरत छन् ।

नन्दा गुरुङ्ग दुना टपरी बनाउने सुर्खेतकी पुरानो व्यवसायी हुन् । सुर्खेतमा वि.सं. २०७३ सालदेखि दुना टपरी बनाउने सीप व्यवसायीक बन्दै गएको उनि बताउँछिन् । गुरुङ्गका अनुसार वीरेन्द्रनगर बजारमा ३ वर्षदेखि दुना टपरीको माग बढ्दो छ । वीरेन्द्रनगरमा मान्छेको चहलपहल धेरै हुने भएकोले ठुला तथा साना होटलहरु संचालनमा छन् ।

होटलहरुले अहिले अर्ग्यानीक प्लेटको रुपमा दुना टपरीको प्रयोग हुने गरेको गुरुङ्गले बताईन् । गुरुङ्गका अनुसार पानीपुरी पसल, ठेला तथा होटलहरमा दुना टपरीको माग बढ्दो छ । 'महिला दिदीबहिनीहरुसँगै मिलेर दुना, टपरी बनाउदा कमाई र रमाई दुबै हुन्छ ।'– गुरुङ्गले भनिन् ।

जोतिस खगेन्द्र अधिकारीले टपरी निकै शुभ र चोखो मानिने भएकोले पुजाआजामा यसको प्रयोग अनिवार्य भएको बताउछन् । "दुना टपरी आफु कुईएर जाने र व्यवस्थापन गर्न पनि सहज हुन्छ"–अधिकारी बताउछन् ।

## ग्रीन....

जाँदा वनपैदावर तथा वन्यजन्तुको चोरी निकासी, वन फडानी नियन्त्रणमा सघाउ पुगिरहेको छ ।

सरकारसंग पनि जंगलमा खेर गइरहेका वन पैदावारको स्थानीयस्तरमा खपत गर्ने नीति नभएकोको जंगल व्यवस्थापन सजिलो नभएको अध्यक्ष भण्डारीको भनाई छ । कर्णाली प्रदेश वन निर्देशनालयका सुचना अधिकारी सुर्य शर्माका अनुसार महिलाहरुले वनजंगल संरक्षणको निर्णय लिदां पुरुषहरुलाई पनि सहभागी गराउने गर्छेन् । महिलाहरु संवेदनशील र प्रकृती निकट हुने भएकोले 'रुख कटान, विक्रि वितरण जस्ता काम नियन्त्रणमा आएका छन् । 'महिलाले जिम्मेवारी लिएका वनहरुमा पनि आर्थिक पार्दशी हुने गरेको छ ।' शर्माले भने । नीति पालना गरेर काम गर्ने हुदां सामुदायीक वन संरक्षणमा महिलाहरु सफल देखिएको वन निर्देशनालयका सहायक वन अधिकृत थापाले बताउछन् ।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, सुर्खेतमा कार्यरत वातावरण निरिक्षक केशव बस्यालका अनुसार प्रदेश वातावरण संरक्षण ऐन २०७७ अनुसार सुर्खेत जिल्लामा पनि हरियाली क्षेत्रको प्रवद्धनको काम भईराखेको छ । नगर हयिाली प्रवद्धन कार्यक्रम, पार्क निर्माण, जलाधार व्यवस्थापन, महिला कृषि हरियाली वन प्रर्वधन कार्यक्रम कार्यन्वयनमा आएका छन् ।

अरबन फरेस्टका लागि मन्त्रालयले करिब १३ लाख बिरुवाहरु सामुदायीक वनलाई उपलब्ध गराईसकेको छ। सुर्खेतको हरित वृद्धिको लागि सामुदायकि वनका महिलाहरुले श्रम र समय दुबै खर्चेको वस्याल बताउछन् । वस्यालका अनुसार वीरेन्द्रनगरको पुर्वमा रहेको धुलाविटदेखी पश्चिम बागेंसिमलसम्म एक हजार विरुवा प्रदेश वन निर्देशनालयबाट विक्षारोपण भईसकेको छ ।

## विश्व

### 'ब्ल्याक सी' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न रुस-युक्रेन सहमति

**वासिङ्टन, १३ चैत ।**

संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा भएको वार्ताका क्रममा रुस र युक्रेनले 'ब्ल्याक सी' र ऊर्जा क्षेत्रमा सैन्य आक्रमण रोक्न सहमति जनाएका छन् ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले दसौँ हजार मानिसको ज्यान लिइसकेको युद्धको शीघ्र अन्त्यका लागि जोड दिइरहेका वेला अमेरिकी वार्ताकारहरूले साउदी अरबको राजधानी रियादमा युक्रेन र रुसका प्रतिनिधिमण्डलबिच तीन दिनसम्म छुट्टाछुट्टै भेटवार्ता गरेका थिए ।

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले जारी गरेको वक्तव्यमा भनिएको छ, 'दुवै देश सुरक्षित नेभिगेसन सुनिश्चित गर्न, बल प्रयोग अन्त्य गर्न र ब्ल्याक सीमा सैन्य उद्देश्यका लागि व्यापारिक जहाजको प्रयोग रोक्न सहमत भएका छन् ।'

दुवै देशमा ऊर्जा पूर्वाधारमा आक्रमणमा प्रतिबन्ध लगाउने उपायहरू पनि खोजी गर्ने सहमति भएको संयुक्त राज्य अमेरिकाले जनाएको छ । क्रेमलिनले भने रुसको कृषि क्षेत्रमा लगाइएको प्रतिबन्ध हटेपछि मात्र ब्ल्याक सीमा आक्रमण रोक्ने सम्झौता लागू हुने बताएको छ । रुस र संयुक्त राज्य अमेरिकाले गत हप्ता रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले जारी गरेको ३० दिने ग्यास पाइपलाइन, विद्युतगृह र तेल प्रशोधन केन्द्रमा लागू हुने ऊर्जा युद्धविराममा सहमति जनाएका थिए ।

अमेरिकी राष्ट्रपति ट्रम्पको चर्को दबाबपछि कूटनीतितर्फ फर्केका युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी सहायता र गुप्तचर आदान-प्रदानमा केही समयका लागि प्रतिबन्ध लगाउनेलगायत सम्झौताले काम गर्छ कि गर्दैन भनेर अहिले नै भन्न नसकिने, तर ती 'सही कदम' भएको बताएका छन् ।

जेलेन्स्कीले किभमा आयोजित पत्रकार सम्मेलनमा भने, 'वार्तामा भविष्यमा युद्धविरामका लागि तेस्रो पक्षलाई ल्याउने विषयमा पनि छलफल भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष**: नयाँ व्यक्तिसँगको भेटघाटले उत्साह जगाउनेछ । कीर्तिमान काम गर्ने समय रहेको छ । साथीभाई र मित्रहरूबाट सहयोग मिल्नेछ ।

**वृष**: कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ । धर्मकर्ममा रुचि बढ्नुको साथै नयाँ कार्य प्रारम्भ गर्दा सफलता मिल्नेछ । विद्यार्थीहरूलाई पठनपाठनमा मन लाग्नेछ ।

**मिथुन**: बोलिको विपरीत अर्थ लाग्नेछ । दाम्पत्य जीवनमा पुराना कुरालाई लिएर मनमुटाव हुन सक्ला । रोग प्रतिरोधात्मक क्षमता बढाउन पुष्ट भोजनको सेवन गर्नुहोस् ।

**कर्कट**: आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कार्यक्षेत्रमा समयमा कार्यसम्पादन हुनाले नयाँ कार्यतर्फ अग्रसर भइनेछ । सामाजिक दायित्व बढ्नेछ ।

**सिंह**: व्यापारमा फाइदा हुनेछ । लगनशीलताले रोकिएको कार्य पनि सम्पादन हुनेछ । शरीरमा कमजोरी अनुभूति हुनेछ। आहारविहारमा सजग रहनुहोला ।

**कन्या**: छोटो समयमा राम्रो उपलब्धि हात पार्न सफल भइनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै पराजित गर्न सकिनेछ । विद्यार्थीहरूको पठनपाठनमा मन लाग्नेछ ।

**तुला**: परिवारको जमघटको बीच स्वादिष्ट भोजनको आनन्द मिल्नेछ । लोकाचारको पछि लाग्दा धन खर्चमा वृद्धि हुनेछ ।

**वृश्चिक**: अप्ठ्यारो परिस्थितिलाई पनि सहज बनाउन सक्नुहुनेछ । व्यापार लगायत आर्थिक लाभ हुने योजनाहरू कार्यान्वित गर्न सक्नुहुनेछ ।

**धनु**: समय तालिका नमिल्दा योजनाहरू अधुरो रहलान् । आफन्तहरूबाट सोचेजस्तो सहयोग नपाइएला । विद्यार्थीहरूलाई अध्ययनमा कमजोरीको अनुभूति

**मकर**: प्रतिष्ठित कार्य गर्ने समय रहेको छ । युवा वर्गहरूको नयाँ कार्यतर्फ रुचि बढ्नेछ । भौतिक संसाधन प्राप्तिका योग छन् ।

**कुम्भ**: सकारात्मक ऊर्जाले मनोबल उच्च रहनेछ । सामाजिक कार्य गर्ने अवसर मिल्नेछ । आवेगमा आएर कुनै पनि कार्य नगर्नु नै उत्तम रहेको छ ।

**मीन**: सहकार्यबाट लाभ मिल्नेछ । शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ । सोचेको अनुरूप परिणाम मिल्नेछ । घरपरिवारमा मनोरञ्जनात्मक वातावरण निर्माण

# मानसिक स्वास्थ्यको सवलीकरणमा लगानी बढाउन जोड

**◣युग संवाददाता**
**सुर्खेत, १३ चैत ।**

मानसिक स्वास्थ्यको सवलीकरणमा थप लगानी बढाउनुपर्नेमा प्रदेश सभाका सदस्यहरुले जोड दिएका छन् । सामाजिक विकास मन्त्रालयद्धारा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्वारा बुधबार वीरेन्द्रनगरमा आयोजित 'कर्णाली प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति र कार्ययोजना २०७९-२०८७' सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सरोकारवालाहरुले विश्वव्यापी चुनौतिका रुपमा देखिएकोले पनि मानसिक स्वास्थ्यमा लगानी बढाउन ढिला गर्न नहुनेमा सरकारको ध्यानकार्षण गरेका थिए ।

हामी पनि सदनमा यसबारे कुरा गर्नेछौं तर अबको प्राथमिकता विकास संगै शिक्षा, स्वास्थ्यमा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुपर्दछ । कर्णाली प्रदेशसभा सार्वजनिक लेखा समितिका सभापति विन्दमान विष्टले थपे अभाव, गरिबी, अशिक्षा, कुप्रथा र बञ्चितीकरणका कारण कर्णालीका नागरिकहरुले मानसिक स्वास्थ्यको बिरामी हुनुपरेको बताए । उनले भने, "मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति अनुसार तय भएका कार्यक्रम प्रदेश सरकारले गर्नुपर्दछ र तल्लो तहसम्म स्थायी रुपमा जनशक्ति विकास गर्दै जानुपर्दछ । मानसिक स्वास्थ्य सुधारका लागि सरकारले प्राथमिकताका साथ लगानीमा जोड दिन अब ढिला गर्नुहुदैन् ।"

प्रदेश मामिला समितिका सभापति कल्याणी खड्काले प्रदेश सरकारले बनाएको रणनीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए । उनका अनुसार रणनीति र कार्ययोजना कार्यान्वयन वक्तबाजीमा नभई कार्य र व्यवहारमा देखिनुपर्नेमा जोड दिए ।

नेकपा एमाले कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक टेकराज पछाईले मानसिकरुपले नागरिक स्वस्थ हुन सकेमात्र सभ्य र समुन्नत समाज निर्माण हुने बताए । प्रमुख सचेतक पछाईले स्वास्थ्य सेवा सँगसँगै शिक्षा पनि अनिवार्यरुपमा दिनुपर्ने जनाए ।

## स्थानीय...

ग्याँस उत्पादनमा पनि सहयोग हुन्छ । तर, स्थानीय सरकारसंग फोहोरबाट ग्यांस निकाल्ने बारे कुनै योजना छैन ।

स्थानीय स्तरका बेरोजगार जनशक्तीलाई उत्पादनमा जोड्न दुना टपरी उद्योगको विशेषता रहेको उद्योग बाणिज्य संघका अध्यक्ष लक्ष्मण कडेल बताउछन्। उनी भन्छन्, "सरकारले पनि सानो लगानीबाट नागरिकको जीवीकोपार्जनका लागि राहत दिने यस्ता खालका उद्योगहरुलाई दर्ता गर्न सहजता हुने गरी कुाननी व्यवस्था गर्नुपर्छ ।"

वीरेन्द्रनगर नगर प्रमूख मोहनमाया ढकालले दुनाटपरी उद्योगलाई प्रवर्द्धन गर्ने योजनाका बारेमा छलफल भईरहेको बताउछिन् । दुना टपरी उद्योग संचालकहरुले माग सहित सहयोगका कार्यक्रमहरु प्रस्ताव पेश गर्न अनुरोध गर्छिन् । तर, अहिले सम्म त्यस्ता प्रस्तावहरु नआएको उनि बताउछिन् । ढकालले फोहोरबाट ग्यास निकाल्नका लागि नगरपालिकासँग तत्काल कुनै योजना नभएको बताईन् ।

## वनको...

क्षमता अभिवृद्धि गर्ने काम भईराखेको छ । दुना टपरीको बजारीकरणमा पनि सामुदायीक वनले सहयोग गरिराखेको छ । ' बनमा झरेका पातहरु बटुलेर टपरी बनाउदा जंलगमा आगलागि घटेको छ ।' गुरुङ्ग बताउछन् । सामुदायीक वनको संरक्षण र चोरीनिकासी नियन्त्रण गर्ने दुई जना वन हेरालु पनि राखिएको वीरेन्द्रनगर वडा नम्बर ५ का अध्यक्ष लोकबहादुर शाही बताउछन् । अध्यक्ष शाहि भन्छन्, "गाँउमा युवा छैनन् सबै महिलाले गर्छन् ।" वनजंगलमा आगलागी हुँदा, बृक्षारोपण गर्दा महिलाहरु नै अघि सर्ने पनि शाहि बताउछन् । २ सय ७३ हेक्टरको रामजानकी सामुदायीक वनभित्र ७२ हजार ८०० वटा साल, विभिन्न घाँसका नयां बिरुवा लगाइसकेको अध्यक्ष शाहिले बताए । महिलाहरुले वन संरक्षण गर्ने थालेपछि चोरी सिकारी र आगलागिका घटनामा निकै कमि आएको उनको भनाई छ ।

"सामुदायीक वन व्यवस्थापन र दुना टपरी उद्योगका व्यवस्थापनका लागि नगरपालिकासँग हामीले कुनै माग गरेका थिएनौ तर अब यस व्यवसायलाई अगाडी बढाउन बजेट माग गर्ने योजना बनाएका छौ", अध्यक्ष शाहिले भने । वीरेन्द्रनगर ५ चिसापानीका ६५ वर्षिय स्थानीय दुर्गालाल सापकोटाले विस २०७५ साल यता सामुदायीक वन फैलिदैगएको बताउछन् । त्यस अघि वनमा काठको चोरी निकासी हुने र नियमित वनमा वृक्षारोपण नहुने समस्या रहेको बताउछन् ।


# Subhakalika Rural Municipality
# Office of the Rural Municipal Executive

**Sukatiya, Kalikot**
**Karnali Province Nepal**

## Invitation for Goods Sealed Quotation(LISP)

**First date of publication: 2081/12/14**

1. Subhakalika Rural Municipality Office, Sukatiya Kalikot invites electronic bid only from registered bidder/Suppliers for the Construction Materials as per following.

| S. N | Contract Identification Number/Supply Description | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|
| 1 | SRM/KKT/GOODS/ SQ/03/2081-2082 Procurement of goods and supply of it in related site Gauja tapsyakhola adhikaribada sunargau udagau haudi sukatiya samma sadak Marmat | 50000 | 1000 | 2081-12-28 at 12:00 AM | 2081-12-28 at 13:00 PM |

**Information to deposit the cost of bidding document in Bank:**
Name of Bank:-Agricultural Development Bank limited
Name of Office:-Subhakalika Rural Municipality
Office Code no:-801066504 Rajaswo Account no:-0725901535669050.

2. If bidder wishes to submit the Bid Security in the form of cash bidder has to deposit cash in Deposit Account no :0725901535669042 Subhakalika Rural Municipality Office, Sukatiya, Kalikot and Name of Bank :- Agricultural Development Bank limited and submit bank deposit voucher along with the bid.

**Asst. Chief Administrative Officer**

# Birendranagar Municipality
# Office of The Municipal Executive

**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

## Invitation For Bids

**(First Date of publication: - 2081.12.14 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/BM/W/ 081/082/65 | Chanabari Syasthyachauki Heading Road Upgrading Works | NRs. 3000/- | NRs.5,313,361.63 | NRs. 132,834.00 |
| SQ/BM/W/ 081/082/06 | Aa . Bi Chisapani Builiding Maintenenace Work | NRs. 1000/- | NRs.1,546,769.17 | NRs.38,670.00 |
| SQ/BM/Goods (books)/ 081/082/01 | Procurement Of Local Level Text Book Printing and Distribution (Class 1-8) | NRs. 1000/- | NRs.1,059,091.45 (Vat & PS not Applicable) | NRs. 26,478.00 |

**Chief Administrative Officer**

# Kohalpur Municipality
# Office of Municipal Executive

**Kohalpur, Banke**
**Lumbini Province, Nepal**

## Invitation For Sealed-Quotations

**Date Of Publication: 2081/12/14 ( Mar-27-2025 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur, Banke invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Rem. |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/ KOMUN/W/ SQ-16/2081/082 | Shree Ram Ma Vi Bidhyakayama Sauchalaya Nirman, Kohalpur-14, Banke | 45 days | 1,734,037.92 | 45,000.00 | 1000.00 | |
| 2 | BANKE/ KOMUN/W/ SQ-17/2081/082 | Wadako Bibhinna Tolema Submersible Jadan, Kohalpur-13, Banke. | 45 days | 1,148,985.01 | 30,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2081/12/29 (Apr-11-2025) (upto 12:00 Noon) |
| **Date, Time and Place of Bid Opening** | 2081/12/29 (Apr-11-2025) ; at 1:00 PM, At Kohalpur Municipality Office, Kohalpur, Banke |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank,Kohalpur, Banke, AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur, Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# Barekot Rural Municipality Office
# Office of The Rural Municipal Executive

**Limsa, Jajarkot**

## Letter of Intent (LOI)

**Date of Publication:2081/12/14 (27 March, 2025)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under First time published in PPMO's E-Procurement portal and National Daily Newspaper on 2081/11/04 that the "Letter of Intent" has been issued in favor of following bidders who are selected on Technical and financial bid having substantially responsive lowest evaluated bid price.

| S. N | Contract ID NO./ Name of Project | Substantially responsive Lowest evaluated bidders | Accepted Bid Amount Including VAT & PS (Nrs) |
|---|---|---|---|
| 1 | EGP/NCB/BRM/ WORKS/081/082-03, Mulsam Road Construction Barekot-03, Jajarkot | Khanda Devi Nirman Sewa, Kathmandu Gokarnewor | 46,80,760.25 |
| 2 | EGP/NCB/BRM/ WORKS/081/082-04, Limsa Seri Road Construction and upgrading work Barekot-02 | Khanda Devi Nirman Sewa, Kathmandu Gokarnewor | 25,54,587.86 |
| 3 | EGP/NCB/BRM/ WORKS/081/082-05 Baluwa Gothgaun road construction work Barekot 04 and 05 | Raman Nirman Sewa, Khalanga-0, Jajarkot | 15,72,313.21 |
| 4 | EGP/NCB/BRM/ WORKS/081/082-06 Radha Pravi Field and Boundary wall construction work Barekot-07 | Subina Construction, Barekot-06, Jajarkot | 17,53,202.03 |

## वनमा...

बजारमा हाल २ सय किलो ग्यास उत्पादन हुन्छ।

त्यसैबाट दैनिक ३ वटा अटो पनि चलेको छ। बाँकी ग्यासको खपत भईरहेको छैन्। हामीले ग्याँस उत्पादन गरेका छौ तर बजार माग अनुसार उत्पादन हुन धेरै चाहिन्छ जुन अहिले अलि सम्भव छैन तर भएका ग्याँसको बजारीकरणमा नगरपालिकाले समन्वय गर्न पर्छ। वन तथा जंगलबाट पनि सुकेका पातपतिंगरहरु पनि संकलन गरी बायो ग्यास उत्पादन गरिएको ढकाल बताउछन्।

वीरेन्द्रनगरमा पछिल्लो समय बस्ति विकास भएसँगै फोहोर व्यवस्थापन चुनौतिपुर्ण बन्दै गएको वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकाल बताउछिन्। कुहिने फोहोर व्यवस्थापनको लागि कौशि खेती, किचन गार्डेननको कामलाई नगरपालिकाले मल, बिउ जस्ता आवश्यक वस्तुहरुका लागि सहजिकरण गर्ने देखि राम्रो गर्नेलाई सम्मान गर्ने समेत बताएको छ।

दुना, टपरी जस्ता पातपतिंगरको प्रयोगबाट वायु ग्यास उत्पादन र वितरणका गर्ने योजना बारेमा पनि छलफल भईरहेको ढकालले बताईन्। सन् २०२४ मा वातावरण विपद व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापनको लागि उत्कृष्ट नगरपालिका रुपमा सुर्खेत जिल्ला पुरस्कृत भएको हो। नगरक्षेत्र भित्र गरेको बृक्षारोपण, सरसफाई, बिपद् व्यवस्थापन राम्रो भएको कारण उक्त पुरस्कार पाएको ढकालले बताईन्।

वीरेन्द्रनगर नगरपालिका विपद् व्यवस्थापन शाखामा कार्यरत यमलाल गिरीका अनुसार नगरपालिकाबाट नकुईने फोहोर व्यवस्थापन कार्य प्रभावकारी रुपमा भईरहेको छ। गिरीका अनुसार कुईने फोहोर नगरबाट बायोग्यास उत्पादक व्यवसायीलाई पठाउने गरिएको छ। नगर क्षेत्रबाट संकलन हुने फोहोरबाट उत्पादन भएको ग्याँसको प्रयोग गरी अटो सञ्चालन भइरहेको छ।

वन डढेलो नियन्त्रणका लागि नगरमा तालिम प्राप्त जनशक्ति सहित दमकलको व्यवस्था गरिएको छ वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ का वडा अध्यक्ष लोकबहादुर शाहीले भने, वहिले वनमा झर्न थालेको पातहरु जंगलमै खस्थ्यो। आगलागी नियन्त्रण गर्न अफ्ठ्यारो हुन्थ्यो। अहिले झर्न थालेका पातहरु दुनाटपरी बनाउन प्रयोग हुन थालेपछि जंगलमा आगलागी कम भएको छ। विपत व्यवस्थापन शाखाले डढेलो नियन्त्रणका लागि हरेक वडालाई ५० हजारका दरले बजेट बिनियोजन गरी सचेतनामुलक कार्यक्रम संचालन गर्दै आएको छ।

झण्डै १७ बर्षदेखी सुर्खेतमा चाट पसल गरिरहेका युवा व्यवसायी सन्दीप यादवले भने, "पहिले पहिले सुर्खेतमा दुना टपरी नै पाईदैन थियो। प्लाष्टिक प्लेटमा चाट बिक्रि बितरण गर्थ्यौं। त्यसलाई व्यवस्थापन गर्न पनि झन्झट हुन्थ्यो। २०७४ सालदेखी दुनाटपरी नै प्रयोग गर्न थालेपछि अहिले बोरामा जम्मा गरेका दुनाटपरीहरु नगरले लगिदिन्छ। यसले वातावरण प्रदुषण न्यूनिकरण गर्न पनि सहयोग पुगेको छ।"

## सुर्खेत मोडेल एकेडेमी

वीरेन्द्रनगर-८, सुर्खेत
(स्थापना: २०६५)

### कक्षा ६ देखि ९ सम्म पूर्ण छात्रवृत्ति सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार निशुल्क छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आव्हान गरिन्छ। दरखास्तको फारम विद्यालयको कार्यालयवाट निःशुल्क प्राप्त गर्न सकिने छ, साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link वाट समेत दरखास्त फारम भर्न सकिने छ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८१ चैत्र २३ गते सम्म |
| २. | लिखित परीक्षा | २०८१ चैत्र २४ गते विहान ११:०० वजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परीक्षा | २०८१ साल चैत्र २७ गते विहान १०:०० बजे देखि |
| ४. | नतिजा प्रकाशन | २०८१ साल चैत्र २८ गते |
| ५. | परीक्षा हुने स्थान | सुर्खेत मोडेल एकेडेमी, वीरेन्द्रनगर-८, सुर्खेत |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० जना | १० जना | १० जना | १० जना | ४० जना |

**परीक्षाको पाठ्यक्रम**

शैक्षिक सत्र २०८१ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ।

*(नोट : शिक्षा क्षेत्रमा कार्यरत विज्ञहरुबाट छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त समितिमा रहेको जानकारी गराइन्छ।)*

विस्तृत जानकारीका लागि निम्न नम्बरहरुमा सम्पर्क गर्न सकिने छ। ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२

## होटल विक्रि तथा घर भाडामा

१० औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुने वीरेन्द्रनगर-८, सुर्खेतको कर्णाली रंगशाला गेटको अगाडी चालु अवस्थामा रहेको मनकामना होटल रहेको घर भाडामा लगाउनुपर्ने भएकोले इच्छुक व्यक्तिले तत्काल सम्पर्क राख्नुहोला। साथै होटल सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न सामाग्रीहरु समेत भएकाले त्यसको विक्रिका लागि समेत यो सूचना प्रकाशित गरिएको छ।

**पुरानो होटल मनकामना तथा भान्सा घर**
वीरेन्द्रनगर-०८, (रंगशाला गेटको अगाडी)
सम्पर्क नं. ९८६८२२६८७९, ९८६४७४४४६६

## नयाँ विद्यार्थी भर्नाका लागि आवेदन फारम वितरण गरिने सूचना

कर्णाली प्रदेशमा निरन्तररुपमा सर्वोत्कृष्ट एवम् ऐतिहासिक नतिजा ल्याउन सफल एक वहु-प्रतिष्ठित एवम् अन्तर्राष्ट्रिय स्तरको शैक्षिक सुविधा प्रदान गरि बालबालिकाको सर्वाङ्गिण विकासका लागि विद्यालयभित्रै प्रयाप्त अतिरिक्त क्रियाकलाप तथा विविध प्रकारका खेलकुद सम्वन्धी अवसरहरु प्रदान गर्ने तथा प्रोग्रेसिभ शिक्षालाई अवलम्वन गरिरहेको यस भ्याली मेरिडियन एकेडेमी (VMA) मा आगामी शैक्षिक सत्र २०८२ का लागि ***पि.जी देखि कक्षा ८ (आठ)*** सम्म अध्ययन गर्न चाहाने विद्यार्थीहरुका लागि म्बथ Boarding (दिवा आवासिय), Day Scholars (विद्यालय अवधिमा मात्र अध्ययन गर्ने)/ Full Boarding (पुर्णकालिन आवासिय) सुबिधा सहित ***सिमित सिटमा*** नयाँ भर्नाको लागि ***आवेदन फारम वितरण*** खुल्ला गरिएको इच्छुक सम्पूर्ण अभिभावकहरुमा जानकारी गराइन्छ।

- **आवेदन फारम वितरण मिति :** *२०८१ चैत्र १४ गते बिहीबार* देखि *चैत्र २८ गते बिहीबार* बेलुका ४:०० बजेसम्म।
- **आवश्यक कागजातहरु :**
  १. जन्मदर्ता प्रमाणपत्रको फोटोकपी
  २. भर्ना गर्नुपर्ने कक्षा भन्दा एक तह तल्लो कक्षा पास गरेको ग्रेडसिट वा चारित्रिक प्रमाणपत्रको फोटोकपी
  ३. विद्यार्थी र अभिभावकको हालसालै खिचेको पासपोर्ट साइजको फोटो - २/२ प्रति
- **भर्ना खुला गरिएको कक्षाहरु** : पि.जी. देखि कक्षा ८ सम्म
- **आवश्यक संख्या** : माथी उल्लेखित सबै कक्षाहरुमा केहि संख्या
- **प्रवेश परीक्षा लिइने मिति र समय** : २०८१ चैत्र ३० गते शनिबार बिहान ठिक ११:०० बजे

**थप जानकारीका लागि**

**भ्याली मेरिडियन एकेडेमी**
ASPIRING FOR EXCELLENCE — VALLEY MERIDIAN ACADEMY
वीरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत
सम्पर्क नं. : ०८३-५२०५८७, ९८५८०५२९२१

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, मेहेलकुना

सुर्खेत

### ३५ दिने सार्वजनिक हकदारको नाँउको सूचना

**प्रकाशित मिति २०८१/१२/०३**

सिम्ता गा.पा.वडा नं.०४ सुर्खेत बस्ने लाल बहादुर सुनार समेतले हामो बाबु ससुरा डम्बरे सुनार (ज.ध. पुर्जामा कैलो सुनार) नाँउमा जग्गा दर्ता भएको र निजको मिति २०४४/०५/१४ गतेका दिन आफनै कालगतिले मृत्यु भएको हुदाँ मृतक डम्बरे सुनार (ज.ध. पुर्जामा कैलो सुनार) को नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु छोराहरु टेके सुनार र लाल बहादुर सुनार र बुहारी लिला कामी भएकाले हाम्रो नाँउमा नामसारी गरी पाँउ भन्ने व्यहोराको नामसारीको मिति २०८१/११/१८ मा निवेदन भएको यस कार्यालयबाट कार्वाही हुँदा यस कार्यालयको मिति २०८१/१२/०३ गतेको आदेश अनुसार यो ३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना प्रकाशित गरिएको छ। मृतक डम्बरे सुनार (ज.ध. पुर्जामा कैलो सुनार) को नामको तपशिलको जग्गामा हकलाग्ने हकदारहरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर दावी नगरेमा नियमानुसार निवेदकहरुकै नाममा साझा नामसारी भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मृतक ज.ध. को नामथर |
|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | बजेडीचौर | ८क | १९९ | १-५-२१/४ | ज.ध.:- कैलो सुनार बाबुः- गोरे बाजेः- जिते |
| | | | ८क | २०७ | १-६-० | |
| | | | ८क | २१२ | १-१५-०१/२ | |
| | | | ८क | २१८ | १-०-११/४ | |
| | | | ८क | २२८ | १-१२-११/४ | |
| | | | ८क | २३६ | १-१२-११/२ | |
| | | | ९ख | ११० | ०-४-२१/४ | |

पुनश्चः-माथि उल्लेखित ज.ध. को मिति २०४४/०५/१४ गतेका दिन आफनै कालगतिले मृत्यु भएको मृतकको एकमात्र श्रीमती डिलसरी सुनारको समेत मिति २०४१/०८/२६ गतेका दिन आफ्नै कालगतिले मृत्यु भएको मृतकहरु डम्बरे सुनार (ज.ध. पुर्जामा कैलो सुनार) र डिलसरी सुनारताट जायजन्म भएका छोराहरु जेठो लिले सुनार भएकोमा निजको पनि मिति २०७४/०६/२५ मा आफ्नै कालगतिले मृत्यु भएको मृतकको एकमात्र श्रीमती लिला कामी भएको र मृतक (ज.ध.) को माइलो छोरा टेके सुनार र कान्छो लाल बहादुर सुनार भएको हुदाँ मृतक डम्बरे सुनार (ज.ध. पुर्जामा कैलो सुनार) को नामको जग्गामा हकलाग्ने हकवाला हकदारहरु जेठी बुहारी लिला कामी र माइलो छोरा टेके सुनार र कान्छो छोरा लाल बहादुर सुनार बाहेक अन्य कुनै अंसियार नभएकाले। अंसियारहरु छोराहरु टेके सुनार र लाल बहादुर सुनार र बुहारी लिला कामीका नाममा माथि उल्लेखित जग्गा साझा नामसारी गरिदिने भनी सिम्ता गा.पा. वडा नं.०४ बाट वडा सर्जमिन मुचुल्का र सिफारिस प्राप्त। साथै ज.ध. मृतकको जग्गा धनि पुर्जामा नामथर कैलो सुनार, बाबुको नामथर गोरे मात्र, बाजेको नाम जिते मात्र भएको र ना.प्र.प. र मृत्यु दर्तामा नामथर डम्बरे सुनार बाबुको नामथर गोरे सुनार साथै मृतकको छोराहरुको ना.प्र.प.को बाबुको नामथरको महलमा डमरे सुनार उल्लेख भई फरक-फरक कागजातमा फरक-फरक नामथर हुनका साथै जग्गा धनी पुर्जा श्रेष्तामा ना.प्र.प.नं. जारी मिति समेत उल्लेख नभएको।

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेनसरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ।

घर निर्माण कार्यको लागि सम्झनुहोस्
हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्र्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस्।
DIN कम्पनिका ब्रेकर समेत विक्रि गरिन्छ।

प्रो. शिवराज शाही
शिवराज सप्लायर्स
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मोः नं ९८४८०७६८५६ (डी.बी. राना)

मिस्त्री गुरुङ्ग दाई हेमराज बुढा
Bhawani Auto Workshop, BC Group, Birendranagar-Surkhet
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस्।
TOYOTA | BYD | Mahindra | FORCE MOTORS | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत।